" समृद्ध खाँदबारी नगर "

खाँदबारी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

खाँदबारी, सङ्खुवासभा

प.सं.: २०८३/०८४
च.नं.: ८८१

कोशी प्रदेश, नेपाल।

मिति : २०८३।०७।१३

श्री पुर्वाधार विकास शाखा, खाँदबारी नगरपालिका, संखुवासभा।
श्री राजश्व उपशाखा, खाँदबारी नगरपालिका, संखुवासभा।
श्री वडा कार्यालय सबै, खाँदबारी नगरपालिका, संखुवासभा।

विषय : कार्यान्वयन गर्ने/गराउने।

कोशी प्रदेश आर्थिक ऐन, २०८३ को दफा ७ को प्राकृतिक स्रोत बापतको शुल्क अन्तर्गत अनुसूची-६ को क्रम संख्या १ देखि १५ सम्म साथै अनुसूची-१६ को नदीजन्य सामाग्री उत्खनन्, सङ्कलन, प्रशोधन वा बिक्री वितरणमा यस ऐन तथा प्रचलित कानुनको उल्लङ्घन गरेमा लाग्ने जरिवानाको क्रम संख्या १ देखि १४ सम्म यसै पत्रसाथ संलग्न गरी पठाइएको हुँदा प्रचलित कानूनको परिधिभित्र रही कार्यान्वयन गर्नु/गराउनु हुन अनुरोध छ। अन्यथा प्रचलित कानूनबमोजिम हुने बेहोरा सम्बन्धित सबैमा जानकारी गराईन्छ।

२०८३।०७।१३.

हिमलाल शर्मा
प्रमुख प्रशासकीय अधिकृत

हिमलाल शर्मा
प्रमुख प्रशासकीय अधिकृत

फोन नं.: आ.प्र- ०२९-५६०२५०, शिक्षा/आर्थिक- १२१, स्वास्थ्य- ४४१, प्र.प्र.अ- १४१, उपप्रमूख- ३४१, प्रमुख २५४
वेबसाइटः www.khandbarimun.gov.np ईमेलः khandbari.mun@gmail.com



प्रदेश राजपत्र

कोशी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड १०) विराटनगर, नेपाल, असार ३० गते, २०८३ साल (अतिरिक्ताङ्क १६

भाग १

कोशी प्रदेश सरकार

विराटनगर, नेपाल

आन्तरिक मामिला तथा कानुन मन्त्रालयको सूचना

प्रदेश सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

संवत् २०८३ सालको ऐन नं. ४

कोशी प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन, २०८३

<u>प्रस्तावना:</u> कोशी प्रदेश सरकारको आर्थिक वर्ष २०८३/८४ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न राजस्व सङ्कलन गर्ने, कर तथा शुल्कको दर घटाउने, बढाउने, कर लगाउने, कर छुट दिने, राजस्व प्रशासनलाई व्यवस्थित र प्रभावकारी बनाउने तथा प्रचलित प्रदेश कानूनलाई संशोधन गर्न वाञ्छनीय भएकोले,

कोशी प्रदेश सभाले यो ऐन बनाएको छ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ :</u> (१) यस ऐनको नाम "कोशी प्रदेश आर्थिक ऐन, २०८३" रहेको छ।

(२) यो ऐन संवत् २०८३ साल साउन १ गते देखि प्रारम्भ हुनेछ।

२. <u>घरजग्गा तथा अन्य रजिष्ट्रेसन शुल्क, सेवा शुल्क र रोक्का दस्तुर:</u> (१) कोशी प्रदेशभित्र अनुसूची-१ बमोजिम घरजग्गा तथा अन्य लिखत रजिष्ट्रेसन शुल्क, सेवा शुल्क र रोक्का दस्तुर लगाई असूल गरिनेछ।

(२) उपदफा (१) बमोजिमको शुल्क तथा दस्तुरको सङ्कलन घरजग्गा रजिष्ट्रेसनका बखत सम्बन्धित स्थानीय तहले असूल गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम स्थानीय तह मार्फत् घरजग्गा तथा अन्य लिखत रजिष्ट्रेसन शुल्क, सेवा शुल्क र रोक्का दस्तुर उठाउन आवश्यक पर्ने स्रोत, साधन, प्रविधि, जनशक्ति र कार्यालयको

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(२) उपदफा (१) बमोजिम कृषि आयमा लाग्ने करको प्रशासन उद्योग, कृषि तथा सहकारी मन्त्रालय अन्तर्गतको कृषि ज्ञान केन्द्रले गर्नेछ।

(३) कुनै फर्म, कम्पनी, साझेदारी तथा सङ्गठित संस्थाको रूपमा दर्ता भई कृषि व्यवसाय गर्ने फर्म, कम्पनी, साझेदारी तथा सङ्गठित संस्थाको आयमा र भूमि सम्बन्धी ऐन, २०२१ को दफा १२ को खण्ड (घ) र (ङ) मा उल्लेख भए बमोजिमको जग्गामा कृषि व्यवसायबाट प्राप्त आम्दानीमा प्रचलित कानून बमोजिम लाग्ने कर नेपाल सरकारको सम्बन्धित निकायसँग समन्वय गरी जिल्लास्थित कृषि ज्ञान केन्द्रले प्रदेश सञ्चित कोषमा दाखिला गर्नेछ।

७. <u>प्राकृतिक स्रोत बापतको शुल्क:</u> (१) प्रदेशभित्र प्राकृतिक स्रोत बापतको शुल्क अनुसूची-६ बमोजिम लगाइने र असूल गरिनेछ।

(२) उपदफा (१) बमोजिमको शुल्क सङ्कलन, नियमन र प्रशासन गर्ने कार्य सम्बन्धित स्थानीय तहले गर्नेछ।

(३) स्थानीय तहले आफ्नो क्षेत्रभित्रको ढुङ्गा, गिट्टी, ग्राभेल, रोडा, बालुवा, चिप्स, चुनढुङ्गा, अभ्रख, खरीढुङ्गा, चट्टान, स्लेट, माटो, बलौट, भरौट र दहत्तर बहत्तरको सङ्कलन गर्नु अघि प्रचलित कानून बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गराउनु पर्नेछ।

(४) प्रदेशभित्रको राष्ट्रिय वन क्षेत्रका नदी खोलामा जम्मा भएको वा थुप्रिएको नदीजन्य पदार्थबाट वन जङ्गल, मानव वस्ती, खेतीपाती वा भौतिक संरचनामा असर पर्ने वा नपर्ने यकिन गरी

सम्बन्धित डिभिजन वन कार्यालयसँगको समन्वयमा प्रचलित कानून बमोजिमको वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गराई सम्बन्धित स्थानीय तहले प्राकृतिक स्रोत बापतको शुल्क अनुसूची -६ बमोजिम सङ्कलन गर्नेछ।

(५) आर्थिक वर्ष २०८३/८४ मा ढुङ्गा, गिट्टी, ग्राभेल, रोडा, बालुवा, चिप्स, चुनढुङ्गा, अभ्रख, खरीढुङ्गा, चट्टान, स्लेट, माटो, बलौट, भरौट र दहत्तर बहत्तर उत्खनन्, सङ्कलन, प्रशोधन र बिक्री वितरण सम्बन्धी प्रचलित कानून उल्लङ्घन गरेमा सम्बन्धित स्थानीय तहले विवरण खोली अनुसूची-१६ बमोजिम जरिबाना लगाउने र असूल गर्नेछ।

(६) उपदफा (१) र (४) बमोजिम प्राकृतिक स्रोत बापतको शुल्क र उपदफा (५) बमोजिम जरिबाना स्थानीय विभाज्य कोषमा जम्मा गरी सोको ६० प्रतिशतले हुन आउने रकम स्थानीय सञ्चित कोषमा र ४० प्रतिशतले हुन आउने रकम प्रदेश सञ्चित कोषमा दाखिला गर्नु पर्नेछ।

८. <u>वन पैदावारको बिक्री आय तथा प्रदेश सेवा शुल्क</u>: (१) प्रदेशभित्र उपदफा (२), (३) र (४) बमोजिम वन पैदावारको बिक्री आय सङ्कलन गरिने र अनुसूची-७ बमोजिम प्रदेश सेवा शुल्क लगाइने र असूल गरिनेछ।

(२) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएता पनि सामुदायिक वनको रूपमा हस्तान्तरण गरिएका प्रदेशका सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट कटान सङ्कलन भई बिक्री

अनुसूची-६

(दफा ७ को उपदफा (१) र (४) सँग सम्बन्धित)

प्राकृतिक स्रोत बापतको शुल्क

क्र.सं	शीर्षक	इकाई	दर (मु अ कर बाहेक)
१	ढुङ्गा, गिट्टी, रोडा, बालुवा, चिप्स, ग्राभेल, चट्टान, स्लेट, चुनढुङ्गा, खरीढुङ्गा ,अभ्रख , कटिङढुङ्गा (दहत्तर वहत्तर) स्वीकृत) (खानीक्षेत्र बाहेक	प्रति क्यू . फिट	रु.१०।-
२	माटो, भरौट, बलौट (दहत्तर वहत्तर) (स्वीकृत खानीक्षेत्र बाहेक)	प्रति क्यू . फिट	रु.४।-
३	गत विगत वर्ष सङ्कलन भई बाँकी रहेको ढुङ्गा, गिट्टी, बालुवा लगायतका प्राकृतिक स्रोतको स्टक प्रमाणित,	प्रति क्यू . फिट	रु.०।५०
४	नदी खोला किनाराको बाहेक/निजी जग्गा वा व्यक्तिको स्वामित्वको जग्गाको ढुंगा, गिट्टी, रोडा, ग्राभेल, बालुवा बिक्रीको लागि अनुमति दस्तुर	प्रति क्यू . फिट	रु.६।-
५	नदी खोला किनाराको बाहेक/निजी जग्गा वा व्यक्तिको स्वामित्वको जग्गाको माटो, भरौट, बलौट, बिक्रीको लागि अनुमति दस्तुर	प्रति क्यू. फिट	रु.२।-
६	क्र. सं १ र २ मा तोकिएको दर प्रकृतिक स्रोतको सङ्कलन तथा बिक्री गर्नको लागि स्थानीय तहले कायम गर्ने न्यूनतम मूल्य वा दर सम्झनु पर्छ । प्राकृतिक स्रोत बिक्रीको बिल बिजक जारी गर्ने गराउने र मूल्य अभिवृद्धि		

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदे

	कर तथा अन्य कर दाखिला सम्बन्धी व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।
७	वन क्षेत्र बाहेक माथि क्र. सं, १ मा उल्लिखित प्राकृतिक स्रोत बापतको शुल्कको दर झापा, मोरङ, सुनसरी र उदयपुर बाहेक पहाडि तथा हिमाली जिल्लाको हकमा प्रति क्यू. फिट रु. ७।- लगाई असूल गरिनेछ।
८	क्र.सं. १ र २ को नदीजन्य पदार्थको शुल्क सङ्कलनका लागि स्थानीय तहले तीन पटकसम्म सूचना प्रकाशन गर्दा पनि ठेक्का बन्दोवस्त नभएमा सङ्कलन तथा घाटगद्दी र बिक्रीको लागि दुईवटा छुट्टाछुट्टै ठेक्का लगाउन सक्नेछ। यसरी सङ्कलन तथा घाटगद्दी गरिएको सामग्रीलाई बिक्री गर्ने ठेक्काको न्यूनतम मूल्य कायम गर्दा तोकिएको शुल्कमा सङ्कलन तथा घाटगद्दी लागत समावेश गरी बिक्री दर कायम गर्नुपर्नेछ।
९	माथि उल्लिखित क्र.सं. १ र २ को शुल्क सम्झौता गर्दाको बखत एकमुष्ट बुझाउने भएमा कबोल अंकमा १० प्रतिशत छुट दिई बाँकी रकम दाखिला गर्न लगाई सम्झौता गर्न सकिनेछ। शुल्क सङ्कलनको सम्झौता अनुसार उठेको मूल्य अभिवृद्धि कर बापतको रकम स्थानीय तहले सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा राजस्व शीर्षक ३३३१७ (मू.अ.कर बेदर्तावालाबाट गर्ने सङ्कलन) मा दाखिला गर्नु पर्नेछ।
१०	ढुङ्गा", गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तर भन्नाले "बहुमूल्य पत्थर, ऐतिहासिक र सांस्कृतिक महत्त्वका शालीग्राम, शिला र अति मूल्यवान् वस्तु बाहेकलाई सम्झनुपर्छ।
११	स्टक राख्ने स्थानका सम्बन्धमा स्थानीय तहको अनुमति लिनु पर्नेछ। सार्वजनिक स्थान, नदी किनारा तथा वन क्षेत्रमा स्टक राख्न पाईने छैन। स्थानीय तहसँग अनुमति लिइ स्टक गरिएको प्राकृतिक स्रोतको स्टक प्रमाणित गर्नका लागि स्थानीय तहले सूचना निकाल्न सक्नेछ र क्र.सं. ३ बमोजिमको शुल्क लिई प्राविधिक प्रतिवेदनका आधारमा स्टक प्रमाणित

	गरिदिन सक्नेछ। यसरी विगत वर्षको समेत स्टक प्रमाणित गर्नुपर्ने भएमा प्रत्येक आर्थिक वर्षको शुल्क लिई प्रमाणित गर्नुपर्नेछ।
१२	व्यक्ति, कम्पनी वा फर्मले निजी जग्गाबाट माटो बिक्री गर्दा जग्गा धनीले नै कति क्यू. फिट माटो बिक्री गर्ने हो यकिन गरी सम्बन्धित स्थानीय तहमा निवेदन दिनुपर्नेछ। सो सम्बन्धमा स्थानीय तहले वार्षिक रूपमा तोकिएको दर अनुसार हुने एकमुष्ठ शुल्क लिएर अनुमति दिन सक्नेछ। सार्वजनिक जग्गा र खोलानदी किनाराको/ बाहेक व्यक्तिको स्वामित्वमा रहेको निजी जग्गाको माटो ढुङ्गा तथा प्राकृतिक स्रोत ,उत्खनन् गर्दा निम्न कुरामा विचार गरेर मात्र स्थानीय तहले स्वीकृत दिनुपर्ने छः (क) साँध सिमानामा पर्ने जग्गा धनीको लिखित स्वीकृति भएको हुनुपर्नेछ। (ख) माटो उत्खनन्बाट प्राकृतिक स्रोतको दुरुपयोग, सार्वजनिक तथा मानवीय वासस्थान, भौगोलिक संरचना, साँध सिमानामा रहेको छिमेकीको जग्गाको संरचना, कुलो नहर, सडक, सार्वजनिक तथा व्यक्तिगत भवन लगायतको संरचना आदिमा कुनै किसिमको असर नपर्ने हुनुपर्नेछ। (ग) वातावरणमा असर पर्ने सम्भावना रहेको वा वातावरण संरक्षण सम्बन्धी प्रचलित कानूनमा उल्लेख भएको वा स्थानीय तहले तोकेको निश्चित परिमाण भन्दा बढी उत्खनन् गर्नुपर्ने भएमा निवेदकबाट वातावरणीय अध्ययन गराएर मात्र अनुमति दिनुपर्नेछ। (घ) व्यक्ति, कम्पनी वा फर्मले निजी स्वामित्वको जग्गाको माटो आफ्नो निजी प्रयोजनका लागि उत्खनन् गर्दा स्वघोषणा गरी स्थानीय तहबाट अनुमति लिनुपर्नेछ, यसरी अनुमति लिँदा यस अनुसूची बमोजिमको शुल्क लाग्ने छैन।
१३	खोला वा नदीले वहाव परिवर्तन गरी वा नगरी निजी जग्गा वा व्यक्तिको स्वामित्वको जग्गाबाट बग्ने खोला वा नदीको दुवै तर्फको किनारा वा डिलसम्म रहेको ढुङ्गा, गिट्टी, बालुवा, दहत्तर बहत्तरको बिक्री गर्दा स्थानीय तहले क्र.सं.१ र २ मा उल्लिखित दरमा गर्नुपर्नेछ।
१४	प्रदेशभित्र नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह वा अन्य कुनै निकायको ठेक्का अनुसार पूर्वाधार निर्माण तथा मर्मत सम्भार लगायतका कार्य गर्दा

	आयोजना स्थलबाट प्राप्त हुने ढुङ्गा, गिट्टी, बालुवा, चुनढुङ्गा, ग्राभेल, खरीढुङ्गा वा स्लेट लगायतका प्राकृतिक स्रोतको हकमा आयोजनाको ठेक्का सम्झौता वा स्थानीय तहसँगको सम्झौतामा उल्लेख भएकोमा सोही बमोजिम हुनेछ। तर त्यस्तो ठेक्का सम्झौतामा उल्लेख नभएको वा सम्झौता नभएको हकमा सम्बन्धित स्थानीय तहले यस ऐन बमोजिम आयोजना स्थलबाट प्राप्त प्राकृतिक स्रोतलाई यस अनुसूचीको क्र.सं. १ र २ मा उल्लेखित दरमा नघट्ने गरी बिक्री गर्नुपर्नेछ। यसरी प्राप्त हुने शुल्क स्थानीय तहको विभाज्य कोषमा दाखिला गरी यस ऐन बमोजिम बाँडफाँट गर्नुपर्नेछ।
१५	स्थानीय तहले जफत गरेको ढुङ्गा गिट्टी, बालुवा, दहत्तर बहत्तर, प्राकृतिक स्रोत बिक्री गर्दा यस अनुसूचीमा तोकिएको दरमा बिक्री गर्न सक्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

अनुसूची-१६

(दफा ७ को उपदफा (५) सँग सम्बन्धित)

नदीजन्य सामाग्री उत्खनन्, सङ्कलन, प्रशोधन वा बिक्री वितरणमा यस ऐन तथा प्रचलित कानूनको उल्लङ्घन गरेमा लाग्ने जरिबाना

क्र.सं.	कसूरको किसिम	जरिबाना (रु.)
१	विना अनुमति वा अवैध रूपमा उत्खनन् वा सङ्कलन गरेको पाइएमा वा खोला/नदीको पानी बगेको क्षेत्रमा उत्खनन् वा सङ्कलन गरेमा वा खोला वा नदीको बहाब परिवर्तन गरी उत्खनन् गरेमा वा निषेधित क्षेत्रमा उत्खनन् वा सङ्कलन गरेमा	प्रति मेसिन वा उपकरणको जरिवानाः (क) स्काभेटर रु.२,००,०००।- (ख) ब्याक हो लोडर रु. १,००,०००।- (ग) ट्रिपर वा ट्रक रु. १,००,०००।- (घ) मिनी ट्रक वा मिनी ट्रिपर रु. ५०,०००।- (ङ) ट्र्याक्टर रु. २५,०००।- उल्लेखित दरमा जरिबाना गरी उत्खनन् वा सङ्कलन गरिएको सामग्री जफत र तोकिएको शुल्कको दोब्बरले हुन आउने रकम थप जरिबाना असूल गरिने।
२	बिहान ८ बजे अघि र बेलुकी ६ बजे पश्चात उत्खनन् वा सङ्कलन गरेमा	रु. १०,०००।- प्रति पटक
३	तोकिएको भन्दा बढी सङ्ख्यामा मेशिन प्रयोग गरेमा	

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

४	प्रत्येक पटकको ढुवानीमा राजस्व तिरेको निस्सा वा भ्याट बिल र चलान पुर्जा साथमा रहेको नभेटिएमा।	
५	निजी जग्गाको अप्रशोधित सामग्रीको ढुवानीका हकमा स्थानीय तहले जारी गरेको उत्खनन् अनुमतिपत्र, प्रत्येक पटकको चलान पुर्जा र राजस्व तिरेको निस्सा साथमा नभेटिएमा	
६	अनुमति लिई वा ठेक्का सम्झौता गरी उत्खनन् गर्ने व्यवसायीले खोला वा नदीको बगेको क्षेत्रमा उत्खनन् वा सङ्कलन गरेमा वा खोला वा नदीको बहाब परिवर्तन गरी उत्खनन् गरेमा वा तोकिएको भन्दा बढी गहिराइमा वा क्षेत्रफलमा सङ्कलन तथा उत्खनन् गरेमा वा निषेधित क्षेत्रमा उत्खनन् वा सङ्कलन गरेमा वा ठेक्का सर्तको उल्लङ्घन गरेमा वा प्रचलित वातावरणीय कानूनको विपरीत हुने गरी उत्खनन् गरेमा	सामग्री जफत गरी वातावरण संरक्षण ऐन, २०७६ को दफा ३५ बमोजिम जरिबाना बढी उत्खनन् भएको परिमाणमा यस ऐन बमोजिम तोकिएको दरमा राजस्व असूल गर्ने।
७	स्थानीय तहले बिक्री गरेको नदीजन्य पदार्थ राजमार्ग वा मुख्य सडकको अधिकार क्षेत्र (राइट अफ वे) मा भण्डारण गरेमा	रु. ५००००।- जरिबाना गर्ने।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

८	नदीजन्य पदार्थ चोरी निकासी गरी राजमार्ग वा मुख्य सडकको अधिकार क्षेत्र (राइट अफ वे) मा भण्डारण गरेमा	सामग्री जफत गरी सामग्रीको मूल्यको दोब्बर वा रु. ५०,०००।- मध्ये जुन वढी हुन्छ सोही वरावरको जरिबाना।
९	पानी, हिलो, धूलो वा गिट्टी चुहाउँदै, उडाउँदै वा झार्दै नदीजन्य सामग्रीको ढुवानी गरेमा	रु. ५०००।- प्रति पटक, पटकेमा दोब्बर
१०	उत्खनन्, बिक्री वा ढुवानी अभिलेख नराखेमा, उत्खनन् स्थलमा सूचना पाटी नराखेमा	रु. ५०००।- प्रति पटक, पटकेमा दोब्बर
११	प्रचलित कानूनले अनुमति दिएको वा क्षमता भन्दा बढी ढुवानी गरेमा	रु. १५०००।- प्रति पटक, पटकेमा दोब्बर
१२	सम्झौतामा उल्लेख भए बमोजिम बाहेकको बाटो, समय, गति वा सवारीमा ढुवानी गरेमा	रु. १५०००।- प्रति पटक, पटकेमा दोब्बर
१३	स्थानीय तहबाट स्टक राख्ने अनुमति नलिई भण्डारण गरेमा वा स्टक प्रमाणित नगराई ढुवानी गरेमा स्टक रहेको परिमाणको यसै ऐन बमोजिम स्टक प्रमाणितका लागि तोकिएको दरको दोब्बर दस्तुर असुल गर्नुपर्नेछ। निजी जग्गाको प्राकृतिक स्रोत सङ्कलन तथा बिक्री गर्दा वा आयोजना स्थलमा निस्किएको प्राकृतिक स्रोतको उपयोग गर्दा स्थानीय तहको अनुमति नलिई वा राजस्व नबुझाई उत्खनन् वा बिक्री गरेमा उत्खनन् भएको परिमाणमा यस ऐन बमोजिम तोकिएको दरको राजस्व असुल गरी वातावरण संरक्षण ऐन, २०७६ को दफा ३५ बमोजिम जरिबाना समेत गर्नु पर्नेछ।	
१४	यस अनुसूची बमोजिमको कसूर मानिने कार्य गरेको सुराकी दिनेलाई जरिबाना बापत प्राप्त रकमको १० प्रतिशत पुरस्कार स्वरूप दिइनेछ। कसूर मानिने	

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

	कार्य गर्नेलाई पक्राउ गरी बुझाउने व्यक्ति वा संस्थालाई जरिबानाबाट प्राप्त रकमको २५ प्रतिशत रकम पुरस्कार स्वरूप दिइनेछ। पुरस्कार पाउने व्यक्ति एक भन्दा बढी भएमा दामासाही रुपमा दिइनेछ।

प्रमाणीकरण मितिः- २०८३/०३/३०

आज्ञाले,
कृष्ण प्रसाद सापकोटा
प्रदेश सचिव

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

कोशी प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालय, विराटनगरमा मुद्रित।
Website: moial.koshi.gov.np